# राष्ट्रिय मानव अधिकार आयोग

## National Human Rights Commission

**केन्द्रीय कार्यालय, Central Office**

**हरिहर भवन, पुल्चोक, ललितपुर, Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal**

**प्रेस विज्ञप्ति**

(आमसञ्चारका माध्यममा तत्काल उपयोगको लागि)

२०७२ भदौ ८ गते

**कैलाली घटनाको निष्पक्ष छानविन गर्न आग्रह,**

**संयम र संवेदनशील बन्न जोड**

नयाँ बन्ने संविधानमा प्रदेशहरुको सीमाङ्कनको विषयलाई लिएर कैलालीको टीकापुर क्षेत्रमा भएको प्रदर्शनमा नेपाल प्रहरी र सशस्त्र प्रहरी बलका सात सुरक्षाकर्मी तथा दुई वर्षीय बालक समेतको हत्या भएको घटनाप्रति राष्ट्रिय मानव अधिकार आयोगको गम्भीर ध्यानाकर्षण भएको छ । उक्त अमानवीय घटनामा मृत्यु भएकाहरुप्रति आयोग हार्दिक समवेदना प्रकट गर्दै मृतकका परिवारलाई उचित राहत तथा क्षतिपूर्ति प्रदान गर्न तथा घाइते भएका सम्पूर्ण सुरक्षाकर्मी, आन्दोलनकारी तथा सर्वसाधारण नागरिकको नि:शुल्क र प्रभावकारी स्वास्थ्य उपचारको व्यवस्था मिलाउन तथा घटनाको निष्पक्ष छानबिन गरी दोषीलाई कारबाही गर्न आयोग नेपाल सरकारको ध्यानाकर्षण गराउँदछ ।

मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८, नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी महासन्धी, १९६६ ले व्यक्ति तथा समुदायको पहिचानको अधिकारलाई सुनिश्चित गरेता पनि त्यस्तो अधिकारको लागि हुने आन्दोलन शान्तिपूर्ण हुन जरुरी छ । हिंसा र हतियारयुक्त आन्दोलनबाट कहीं पनि शान्ति, संवृद्धि, अस्तित्व र पहिचान दीगो हुन नसक्ने हुँदा त्यसतर्फ सजग रहन आयोग आन्दोलनरत पक्षलाई आग्रह गर्दछ ।

आयोगले घटनालाई सुक्ष्म रुपमा अनुगमन गर्न आजै त्यसतर्फ एक अनुगमन टोली परिचालन गरेको छ । सरकारले नेपाली सेना परिचालन गर्ने निर्णय भइसकेको अवस्थामा हरेक कार्यहरु मानव अधिकारको आधारभूत मूल्य र मान्यता एवं प्रचलित कानूनी प्रक्रिया बमोजिम हुन र सो कार्यबाट नागरिकको मानव अधिकारको उल्लङ्घन हुने अवस्था आउन नदिने तर्फ आयोग सम्बन्धित सबैलाई सचेत रहन आग्रह गर्दछ ।

घटनाका दोषीहरुको स्पष्ट पहिचान गरी कानूनको दायरामा ल्याई कारबाही गर्न तथा सामाजिक सद्भाव कायम राख्न र संयमित रहन आयोग सम्बन्धित सबैलाई आग्रह गर्दछ । आफ्ना मागहरु राखी तथा प्रदर्शन गर्दा शान्तिपूर्ण ढंगबाट प्रस्तुत हुन र त्यस्तो प्रदर्शनमा अत्यधिक बल प्रयोग नगर्न तथा सर्वसाधारणको जीउ ज्यान र भौतिक सम्पत्ति नष्ट हुन नदिन आयोग प्रदर्शनकारी र सुरक्षा निकायलाई आग्रह गर्दछ ।

साथै अहिलेको विषम परिस्थितिमा सम्बन्धित सबैले धैर्य र संयमताकासाथ परिस्थितिलाई थप उत्तेजित हुने अभिव्यक्ति नदिई वार्ता र संवादको माध्यमबाट समस्याको समाधान खोज्न आयोग सम्बन्धित पक्षलाई आग्रह गर्दछ ।

मोहना अन्सारी

सदस्य तथा प्रवक्ता

**फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल**

**Phone: +977 1 5010015 Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal,**

**Email: nhrc@nhrcnepal.org Website: www.nhrcnepal.org**